मितिः- २०८२/०८/०४

समयः- बिहान ११:०० बजे

ठक नं. ०३ आ व २०८२/०८३

आज मिति २०८२ मंसिर ४ गते बिहिबारको दिन महाकुलुङ गाउँपालिका,गाउँ कार्यपालिकाका ाध्यक्ष श्री सूर्य बहादुर कुलुङज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा बैंठक बसी तपसिल नुसारका प्रस्ताप उपर छलफल गरि निर्णय गरियो ।

| क्र.स. | मामा/थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सूर्य बहादुर कुलुङ | अध्यक्ष | |
| २ | श्री विपना कुलुङ | उपाध्यक्ष | |
| ३ | श्री पर्खिधन राई | वडा अध्यक्ष (वडा नं. १) | |
| ४ | श्री प्रदिप राई | वडा अध्यक्ष (वडा नं. २) | |
| ५ | श्री दुर्गा बहादुर राई | वडा अध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री सरस्वती राई | वडा अध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री महल सिं राई | वडा अध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री सिद्धिमनि कुलुङ | कार्यपालिका सदस्य | |
| ९ | श्री दौलित कुलुङ | कार्यपालिका सदस्य | |
| १० | श्री सितामाया वि.क. | कार्यपालिका सदस्य | |
| ११ | श्री चस्मिता वि.क. | कार्यपालिका सदस्य | |
| १२ | श्री निर कुमारी कुलुङ | कार्यपालिका सदस्य | |
| १३ | श्री शारदा कुलुङ | कार्यपालिका सदस्य | |
| १४ | श्री छोईसाङ तामाङ | सदस्य-सचिव | |

**मन्त्रित**

| क्र.स. | नाम/थर | हस्ताक्षर |
|---|---|---|
| | मान बहादुर कट्वाल | |
| | हरि प्रसाद आचार्य | |
| | नवीन आचार्य | |

बैठक नं. ०३ आ. व. २०८२/०८३

मिति: २०८२/०८/०४
समय: दिउँसो ११:०० बजे

| सि. नं. | प्रस्तावहरु | निर्णय | कैफियत |
|---|---|---|---|
| १. | 'घ' वर्गको निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि-२०७४ संशोधन सहित ठाउँसारी गर्ने थप व्यवस्था सहितको विधेयक प्रमाणिकरण सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाबाट निर्माण गरी कार्यान्वयनमा रहेको **'घ' वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि-२०७४** मा निर्माण व्यवसायीको "ठाउँसारी गर्ने व्यवस्था नभएको हुदाँ उक्त कार्यविधिमा ठाउँसारी गर्ने व्यवस्था थप गर्नका लागि मिति २०८२/०५/३१ को कार्यपालिकाबाट संशोधन प्रस्ताव विधायन समितिमा पेश गरिएकोमा विधायन समितिको मिति २०८२/०८/०२ मा वैठक बसी मिति २०८२/०८/०३ गते विधायन समितिले कार्यालयमा पेश गरी मिति २०८२/०८/०४ गते कापा वैठकमा छलफल गरी उक्त संशोधन प्रस्ताव संशोधन गरी "ठाउँसारी" गर्ने थप व्यवस्था सहितको विधेयक अध्यक्षज्यू मार्फत प्रमाणिकरण गरी स्थानीय राजपत्रमा प्रकाशन गरी कार्यान्वयन गर्ने निर्णय सर्वसम्मत कार्यपालिकाबाट पारित गरियो। | |
| २. | बलेरो जीप दुर्घटना (भिरकुना) खोज तथा उद्धार कार्यको भूक्तानी दिने सम्बन्धमा। | मिति २०८२ कार्तिक ०६ गते माप्यदुधकोशी गाउँपालिकाको वडा नं. ६ र ७ स्थित भिरकुनामा बलेरो जीपमा सवार ११ जना यात्रु मध्ये ३ जनाको मृत्यु भएको, ६ जना घाइते र २ जना सकुशल रहेको अवस्थामा मृत्यु भएका ३ जनाको उद्धार तथा लास व्यवस्थापन, घाइतेहरुको उद्धार तथा उपचारका लागि भएको सम्पूर्ण खर्चहरु विपद कोषबाट भुक्तानी गर्ने निर्णय गरियो। | |
| ३. | Mahakulung Ringroad Upgradation Works at Mahakulung Rural Municipality Bung, Solukhumbu, ठेक्का नं. MRM/NCB/Works/2082/083/01 कार्यपालिकाबाट अनुमोदन गरी स्वीकृत सम्बन्धमा। | Mahakulung Ringroad Upgradation Works at Mahakulung Rural Municipality Bung, Solukhumbu, ठेक्का नं. MRM/NCB/Works/2082/083/01 मिति २०८२/०७/२८ गते खुल्ला बोलपत्र मार्फत आह्वान गरेको ठेक्का कार्यपालिकाबाट अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो। | |
| ४. | आ. व. २०८१/०८२ मा सिर्जित आर्थिक दायित्व स्वीकृत मलेप फा. नं. २२१ अनुमोदन गरी भुक्तानीको आर्थिक अख्तियार प्रमुख प्रशासकीय अधिकृतलाई दिने सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ मा भुक्तानी गर्न बाँकी (कच्चावारी) स्वीकृत गरी तपसिलका योजना/कार्यक्रमहरुको अन्तिम भुक्तानी कापाबाट अनुमोदन गरी आर्थिक वर्ष २०८२/०८३ मा भुक्तानी गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो। साथै विशेष वा हिउँदे गाउँसभाबाट स्वीकृत गरी नियमित बनाउने निर्णय गरियो। | |

| कारोबारको संक्षिप्त व्यहोरा | भुक्तानी दिन बाँकी रकम | कै. |
|---|---|---|
| इंखु खोला कोठे झोलुङ्गे पुल निर्माण | १,०५,०५१।- | आर्थिक दायित्व (कच्चावारी) प्रत्येक आवको असार मसान्तमा प्रमाणित गरी गाउँसभाबाट |
| इंखु खोला कोठे झोलुङ्गे पुलको गै. स. स. को सेवा शुल्क भुक्तानी | १७९१४४।- | |

| | | | |
|---|---|---|---|
| | | २०८२/०८३ को "जनशक्ति व्यवस्थापन" शीर्षकबाट उपलब्ध/भुक्तानी गराउने/गर्ने निर्णय गरियो। | |
| ११. | श्री जनसुधार आधारभूत विद्यालय र शहिद स्मृति आधारभूत विद्यालयमा तारजाली घेराबार निर्माण सेतो गुँराससँगको लागत साझेदारीमा सम्झौता गर्ने सम्बन्धमा। | श्री जनसुधार आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका-१ र शहिद स्मृति आधारभूत विद्यालय, महाकुलुङ गाउँपालिका-४ मा तारजाली घेराबार निर्माण गर्न सेतो गुँरास राष्ट्रिय बाल विकास सेवासँगको लागत साझेदारीमा गाउँपालिकाको तर्फबाट कुल लागतको १० प्रतिशतले हुन आउने रकम व्यहोर्ने गरी सम्झौता गर्ने निर्णय गरियो। | |
| १२. | विशेष अनुदान तर्फको महाकुलुङ आधारभूत अस्पताल सञ्चालन तथा व्यवस्थापन शीर्षक र बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि महाकुलुङ प्राथमिक अस्पताल CEONC कार्यक्रम सञ्चालन शीर्षकबाट Works र Goods को कार्य गर्नका लागि खुल्ला बोलपत्र आह्वान गर्ने सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाको लागि आ. व. २०८२/०८३ को लागि प्राप्त विशेष अनुदान तर्फ खर्च शीर्षक २६३३३, कार्यक्रम/क्रियाकलाप **"बाल मृत्युदर र मातृ मृत्युदर घटाउनका लागि महाकुलुङ प्राथमिक अस्पताल CEONC कार्यक्रम सञ्चालन"** का लागि रु. ७५,००,०००।-(अक्षेरुपी पचहत्तर लाख मात्र) रकम प्राप्त भएको हुदाँ सो रकम चालु प्रकृतिको भएको हुदाँ महाकुलुङ प्राथमिक (आधारभूत) अस्पतालमा **CEONC** सेवा सञ्चालनका लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु नभएको हुदाँ उक्त चालु प्रकृतिको खर्च शीर्षकलाई पूँजीगत खर्च शीर्षकमा रुपान्तरण/रकमान्तरण गर्न अर्थ मन्त्रालयमा लेखी पठाउन अनुरोध गरी लेखी पठाउने निर्णय गरियो। साथै सोही अनुदानको **महाकुलुङ प्राथमिक (आधारभूत) अस्पताल सञ्चालन तथा व्यवस्थापन** शीर्षकलाई पनि संशोधन गरी **महाकुलुङ प्राथमिक (आधारभूत) अस्पतालको घेराबार तथा पर्खाल निर्माण** शीर्षकमा संशोधन गरी अर्थ मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो। साथै संशोधित शीर्षक अनुसारको विनियोजित बजेटबाट खुल्ला बोलपत्र आह्वान गरी सार्वजनिक खरिद गर्ने निर्णय गरियो। | |
| १३. | ग्रामीण सामुदायिक विद्युतीकरण वितरक संस्थालाई अनुदान सम्बन्धमा। | महाकुलुङ गाउपालिका, कार्यपालिका वैठकबाट मिति २०८१/०७/११ मा स्वीकृत स्थानीय राजपत्रमा प्रकाशित सामुदायिक ग्रामीण विद्युतीकरण वितरक संस्था संचालन तथा व्यवस्थापन कार्यविधि, २०८१, को परिच्छेद २ को दफा ५ मा भएको व्यवस्था बमोजिम महाकुलुङ गाउँपालिकामा सञ्चालित ग्रामीण सामुदायिक विद्युतीकरण वितरक संस्थालाई गाउँपालिकाको आन्तरिक स्रोत वा अन्य उपलब्ध हुने स्रोतबाट आवश्यक अनुदान उपलब्ध गराउनका लागि आजको कार्यपालिका वैठकको निर्णयले ग्रामीण सामुदायिक विद्युतीकरण वितरक संस्थालाई रु. १०,१५,४८५.९१।-रकम अनुदान दिने अनुमोदन गरी विशेष/हिउँदे गाउँसभामा पेश गरी सभाबाट स्वीकृत गर्ने/गराउने निर्णय गरियो। | |
| १४. | आ. व. २०८२/०८३ मा विनियोजित बजेट अन्तर्गतका योजना तथा कार्यक्रमहरु उपभोक्ता समिति वा खुल्ला बोलपत्र आह्वान विधिबाट सञ्चालन | महाकुलुङ गाउँपालिकाको आ. व. २०८२/०८३ मा स्वीकृत विनियोजित बजेट अन्तर्गतका योजना तथा कार्यक्रमहरु ४० लाख सम्मको योजना तथा कार्यक्रम उपभोक्ता समिति मार्फत र ४० लाख भन्दा माथिको योजना तथा कार्यक्रम खुल्ला बोलपत्र आह्वान विधिबाट | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| | गर्ने सम्बन्धमा। | सञ्चालन गर्ने निर्णय गरियो। साथै यस आवबाट १० लाख भन्दा माथिका उपभोक्ता समिति मार्फत सञ्चालन हुने योजनाको अनिवार्य विमा गरेर मात्र योजना सञ्चालन गर्ने निर्णय गरियो र उपभोक्ता समितिबाट गरिने सार्वजनिक निर्माणका कार्यहरुमा कन्टेन्जेन्सी वापत ५% कट्टी गर्ने निर्णय गरियो। | |
| १५. | सांमुदायिक ग्रामिण विद्युतीकरणको आवश्यक व्यवस्थापन सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाको सामुदायिक ग्रामिण विद्युतीकरणको सञ्चालक समितिको अध्यक्ष पदमा वडा नं. १ का वडाध्यक्ष श्री पर्खीधन राईलाई नियुक्ति गर्ने सर्वसम्मतले निर्णय गरियो। | |
| १६. | Maternal Waiting Home महाकुलुङ आधारभूत अस्पतालको अगाडी पट्टीको पहिलो तलाको स्ल्यावमा बनाउने सम्बन्धमा। | महाकुलुङ आधारभूत अस्पतालमा Maternal Waiting Home अस्पतालको अगाडी पट्टीको पहिलो तलाको स्ल्यावमा बनाउने सर्वसहमतले निर्णय गरियो। | |
| १७. | महाकुलुङ आधारभूत अस्पतालको समुद्घाटनका लागि प्रमुख अतिथि निमन्त्रणा गर्ने सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाको महाकुलुङ आधारभूत अस्पतालको समुद्घाटन मिति २०८२/०८/२६ गते गर्ने निर्णय गरियो। साथै उक्त उद्घाटनको प्रमुख अतिथि कोशी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय, विराटनगर, नेपाल का माननीय मन्त्री भुपेन्द्र राईलाई आमन्त्रण गर्ने निर्णय गरियो। | |
| १८. | मुन्धुम ट्रेल भ्रमण वर्ष २०२५ समापन कार्यक्रमको मूल आयोजक समिति गठन गर्ने सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मुन्धुम ट्रेल भ्रमण वर्ष २०२५ समापन कार्यक्रम महाकुलुङ गाउँपालिका वडा नं. ४, गुदेलमा गर्ने निर्णय गरियो। साथै उक्त कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्नका लागि तपसिल अनुसारको मूल आयोजक समिति गठन गर्ने निर्णय गरियोः<br>तपसिलः<br>१. श्री सरस्वती कुलुङ, वडाध्यक्ष ४ नं. (संयोजक)<br>२. श्री महलसिं राई, वडाध्यक्ष ५ नं. (सह-संयोजक)<br>३. श्री सबै वडाध्यक्षहरु वडा नं. १,२ र ३। (सदस्य)<br>४. श्री दौलित कुलुङ (कार्यपालिका सदस्य, सदस्य)<br>५. श्री सूर्य कुमार कुलुङ (वडासदस्य ५ नं., सदस्य)<br>६. श्री छलकराम राई (प्रधानाध्यापक, सदस्य)<br>७. श्री नरेन्द्र बहादुर राई (वुद्धिजिवी,सदस्य)<br>८. श्री थोमस कुलुङ (स्थानीय, सदस्य)<br>९. श्री तारा कुलुङ (स्थानीय, सदस्य)<br>१०. श्री उद्धव कुलुङ (स्थानीय/समाजसेवी, सदस्य)<br>११. श्री हरिलाल कुलुङ (जिन्सी शाखा प्रमुख, सदस्य सचिव) | |
| १९. | नियमित बेरुजु फछर्यौट गर्नका लागि विशेष गाउँसभा आयोजना गर्ने सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाको हालसम्मका नियमित वेरुजु फछर्यौट गर्नका लागि मिति २०८२ पौष ३ गते विशेष गाउँसभा आयोजना गर्ने निर्णय गरियो। | |
| २०. | सवारी चालक नियुक्ति गर्ने सम्बन्धमा। | धर्मराज राई कुलुङ महाकुलुङ गाउँपालिका वडा नं. ४ र मौसम कुलुङ महाकुलुङ गाउँपालिका वडा नं. २ निवासी द्वयलाई महाकुलुङ | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

<table>
<tr><td></td><td></td><td>गाउँपालिकाले मिति २०८२/०६/२५, २६ गते सञ्चालन गरिएको लिखित परीक्षा र मिति २०८२/०८/०४ गते सञ्चालन गरिएको प्रयोगात्मक परीक्षाको नतिजाबाट सिफारिस भएकोमा सेवा करारमा नियुक्ति दिने निर्णय कार्यपालिकाबाट सर्वसम्मत पारित गरियो । साथै अध्यक्षज्यूको तोकादेशमा ओखलढुङ्गा निवासी श्री मिलन खड्कालाई अध्यक्षज्यूको हलुका सवारी चालक पदमा मिति २०८२/०७/२७ गते करार सेवामा नियुक्ति गरेको सेवा करार नियुक्तिलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>२१.</td><td>सेतो गुराँसको वार्षिक समीक्षा गर्नका लागि सल्लाहकार समिति गठन गर्ने सम्बन्धमा ।</td><td>सेतो गुराँस राष्ट्रिय बाल विकास सेवाको वार्षिक समीक्षा गर्नका लागि सल्लाहकार समिति तपसिल अनुसार गठन गर्ने निर्णय गरियो:<br>१. श्री गाउँपालिका अध्यक्ष - संयोजक<br>२. श्री उपाध्यक्ष -सह-संयोजक<br>३. श्री वडाध्यक्षज्यूहरु सबै - सदस्य<br>४. श्री कार्यपालिका सदस्यहरु सबै - सदस्य<br>५. श्री शिक्षा, स्वास्थ्य, कृषि/पशु, पूर्वाधार, योजना, आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य<br>६. श्री प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव</td><td></td></tr>
<tr><td>२२.</td><td>SHE LEADS ICON को विल बमोजिमको रकम भुक्तानी गर्ने सम्बन्धमा ।</td><td>महाकुलुङ गाउँपालिकाका उपाध्यक्ष श्री विपना कुलुङज्यू सहभागी हुनुभएको SHE LEADS ICON मा स्टल राखे वापतको रकम रु. ३५,०००। (कर बाहेकको) रकम भुक्तानी गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>२३.</td><td>स्वास्थ्य चौकी छेस्काम को भवन निर्माणमा ४०% गापाले व्यहोर्ने सम्बन्धमा ।</td><td>महाकुलुङ गाउँपालिकाको वडा नं. ३ मा सञ्चालित स्वास्थ्य चौकी छेस्कामको भवन निर्माणमा एक्सन फर नेपालको ६०% र महाकुलुङ गाउँपालिकाको ४०% लागत साझेदारीमा भवन निर्माण गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>२४.</td><td>५ वर्षे गुणात्मक शिक्षा कार्यक्रम स्वीकृत तथा सम्झौता सम्बन्धमा ।</td><td>हिमालयन ट्रष्ट नेपालले महाकुलुङ गाउँपालिका लागि पेश गरेको ५ वर्षे गुणात्मक शिक्षा कार्यक्रम स्वीकृत गरी सम्झौता गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>२५.</td><td>प्राविधिक सीप विकास तालिम र प्रविधि हस्तान्तरण सम्बन्धमा ।</td><td>प्राविधिक सीप विकास तालिम र प्रविधि हस्तान्तरण कार्यक्रम महाकुलुङ गाउँपालिका वडा नं. १ मा गर्ने निर्णय गरियो ।</td><td></td></tr>
<tr><td>२६.</td><td>हल्ला खेल मैदानको जग्गा पास गर्ने सम्बन्धमा ।</td><td>महाकुलुङ गाउँपालिका वडा नं. ३ को सिफारिसमा महाकुलुङ गाउँपालिका वडा नं. ३ अवस्थित हल्ला खेलमैदानको जग्गा पास गर्नका लागि तपसिलका कित्ता नं. भएको जग्गा सिफारिस गर्ने निर्णय गरियो ।<table><tr><th>कित्ता नं.</th><th>कैफियत</th></tr><tr><td>१०२८, १०२९, ९९९, १०२४, १०००, ९९६, ९९५, १०२१, १००१,१००६,१०२३,१०२७, १०२५, १००२, १००३, १००८, १००९, १००५, १०२२,१००७।</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>२७.</td><td>शीर्षक फरक परेको सम्बन्धमा ।</td><td>महाकुलुङ गाउँपालिका वडा नं. ३ को सिफारिसमा तपसिलको योजनाको नाम फरक पर्न गएको हुदाँ तपसिल अनुसार संशोधन गर्ने</td><td></td></tr>
</table>

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | निर्णय गरियो।<br>तपसिलः<br><table><tr><td>स्वीकृत भएको योजनाको नाम</td><td>संशोधन भई हुन आउने शीर्षक</td><td>कैफियत</td></tr><tr><td>गेम्मायी गोदाम तथा महाकुलुङ आवि बालमैत्री धारा निर्माण</td><td>देहोम खानेपानी तथा महाकुलुङ आवि बालमैत्री धारा निर्माण</td><td></td></tr></table> | |
| २८. | उपभोक्ता समिति गठन, अभिमुखिकरण तथा योजना सम्झौता गर्ने सम्बन्धमा। | महाकुलुङ गाउँपालिकाबाट आर्थिक वर्ष २०८२/०८३ का लागि वार्षिक स्वीकृत कार्यक्रम/योजना सञ्चालनको लागि उपभोक्ता समिति गठन मिति २०८२/०८/०५ गतेदेखि १५ गतेसम्म सबै वडाले गरिसक्ने, मंसिर १६ देखि ३० गतेसम्म प्राविधिक नापजाँच तथा लागत स्टमेट तयारी गरी मिति २०८२ पौष ५ र ६ गते वडा नं. ४, पौष ७ र ८ वडा नं. ५, पौष ९ र १० वडा नं. ३, पौष २० र २१ वडा नं. २ र पौष २२ र २३ वडा नं. १ मा योजना सम्झौता तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो। | |
| २९. | ङाआई झोलुङ्गे पुल निर्माणका लागि आवश्यक बजेट गाउँसभामा पेश गर्ने सम्बन्धमा। | आर्थिक वर्ष २०८१/०८२ को अन्त्यमा प्राकृतिक विपत्तिका कारण महाकुलुङ गाउँपालिका वडा नं. ५ मा अवस्थित ङाआई झोलुङ्गे पुलमा पहिरोबाट पूर्णरुपमा क्षति भई गाउँपालिकाको अनुरोधमा उक्त ङाआई झोलुङ्गे पुललाई योङ स्टार क्लबको जनशक्ति मार्फत पुल विस्थापन गरी पुनः निर्माण गर्नका लागि आवश्यक लागत अनुमान अनुसारको बजेट व्यवस्थापनका लागि गाउँसभा/विशेष सभामा पेश गर्ने निर्णय गरियो। | |
| ३०. | MDGP को तलब भत्ता सम्बन्धमा। | महाकुलुङ आधारभूत अस्पतालमा कार्यरत छात्रवृत्ति डा. सागर खड्कालाई मासिक तलव भत्तामा छात्रबृत्ति सम्वन्धी निर्देशिका वमोजिम स्थानीय तहले थप सुविधा दिन सक्ने व्यवस्था भएको हुँदा थप सुविधा सहित खुद २,५०,०००।- (आयकर बाहेक) डा. सागर खड्काले पाउने गरी भुक्तानी दिने निर्णय गरियो। | |
| ३१. | दीर्घ रोगीका लागि स्वास्थ्य विमा कार्यक्रम सम्बन्धमा। | आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित दीर्घरोगीका लागि स्वास्थ्य विमा कार्यक्रम सञ्चालनका लागि क्यान्सर रोग, मुटुको रोग (भल्व फेरिएका), अल्जाईमर, मृगौला रोग, मधुमेह, COPD र "ख" वर्गका अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य विमामा लाग्ने प्रिमियम स्थानीय तह स्वास्थ्य विमा संयोजन समिति गठन/संचालन नमुना कार्यविधि, २०७८ बमोजिम महाकुलुङ गाउँपालिकाले व्यहोर्ने जसका लागि प्रत्येक वडामा २०/२० जनाका दरले स्वास्थ्य विमा कार्यक्रममा समावेश गर्ने निर्णय गरियो। | |
| ३२. | Maternal waiting home बसोबास तथा खानाको व्यवस्थापन खर्च सम्बन्धमा। | आर्थिक वर्ष २०८२/०८३ मा विनियोजित Maternal waiting home बसोबास तथा खानाको व्यवस्थापन खर्च महाकुलुङ आधारभूत अस्पताललाई कार्यक्रम संचालन गर्न दिने निर्णय गरियो। साथै नाईटमा काम गर्ने कर्मचारीलाई खाजा वापत रु. ७५।- उपलब्ध गराउने निर्णय | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | गरियो । | |
| ३३. | अस्पताल संचालन तथा व्यवस्थापन संचालन सम्बन्धी कार्यविधि सम्बन्धमा । | अस्पताल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७८ लाई संशोधन गर्न आवश्यक भएको हुँदा सो कार्यविधी संशोधनका लागि महाकुलुङ गाउँपालिका स्वास्थ्य शाखालाई संशोधन सहित आगामी कार्यपालिकामा पेश गर्न दिने निर्णय गरियो । | |
| ३४. | दररेट संशोधन तथा थप गर्ने सम्बन्धमा । | महाकुलुङ आधारभूत अस्पतालको अपरेशन थ्रियटर सुरु भएको हुदाँ सोको दररेट थप गर्नुपर्ने भएकाले तपसिलको ३ सदस्यीय समितिलाई दररेट थप तथा संशोधन गर्ने जिम्मेवारी दिने निर्णय गरियोः<br>तपसिलः<br>१. श्री हरिप्रसाद आचार्य - संयोजक<br>२. डा. सागर खड्का - सदस्य<br>३. डा. कविन्द्र राई - सदस्य | |
| ३५. | अस्पताल प्रमुखको जिम्मेवारी तोकिएको सम्बन्धमा । | महाकुलुङ आधारभूत अस्पतालको प्रमुख डा. सागर खड्कालाई आर्थिक तथा प्रशासनिक सहित अस्पताल प्रमुखको जिम्मेवारी दिने/ तोक्ने निर्णय गरियो । | |
| ३६. | विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा । | महाकुलुङ गाउँपालिकामा महिलाहरुको पाठेघर झर्ने (आङ खस्ने) सम्बन्धी विशेषज्ञ स्वास्थ्य शिविर अपरेशन थ्रियटर सहितको शिविर सञ्चालन अनुमतिका लागि कोशी प्रदेश, स्वास्थ्य मन्त्रालय, प्रदेश स्वास्थ्य निर्देशनालय, धनकुटालाई माग गर्न लेखि पठाउने निर्णय गरियो । | |
| ३७. | निर्णय संशोधन सम्बन्धमा । | मिति २०८२/०५/३१ गते बसेको कार्यपालिका वैठकको निर्णय नं. १८ मा भएको निर्णय गाउँसभाबाट स्वीकृत गरिएको चालु कार्यक्रम वडा नं. २ को **"जेष्ठ नागरिक, फरक क्षमता तथा विधवा महिला सामग्री वितरण"** शीर्षकलाई नै यथावत राख्ने कटौटी नगर्ने निर्णय गरियो । | |

अध्यक्ष
महाकुलुङ गाउँपालिका